नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति: २०८०/३/१०

नेपाल वायुसेवा निगमको कर्मचारी संख्या र ग्राउण्ड ह्याण्डलिङ्ग सेवा सम्बन्धमा सम्मानित संसदमा समेत विषय उठान भएको सम्बन्धमा निगमको ध्यानाकर्षण भएको छ । नेपाल वायुसेवा निगम ऐन, २०१९ मा व्यवस्था भए अनुसार निगमले हवाई उडान र ग्राउण्ड ह्याण्डलिङ्ग कार्य गर्दै आइरहेको छ । निगमले हाल १० वटा अन्तर्राष्ट्रिय गन्तव्यमा हप्ताको ४३ उडान र १६ आन्तरिक गन्तव्यमा हप्ताको २५ वटा उडान गर्दै आइरहेको छ । निगमको Base Station बाहेक अन्तर्राष्ट्रिय र आन्तरिक स्टेशनहरुमा आवश्यकता अनुसार २ वा ३ जना मात्र कर्मचारी राखि कार्य संचालन भइरहेको छ ।

निगममा स्थायी ८४०, करार र ज्यालादारीमा ५०१ गरी हाल जम्मा १,३४१ जना कर्मचारी कार्यरत रहेका छन् । कार्य प्रकृति अनुसार तीन सिफ्टमा काम गर्ने गरी कर्मचारीहरुको बाँडफाँड निम्न बमोजिम गरिएको छ :

१. हवाई उडान संचालन (Airlines) तर्फ स्थायी प्राविधिक ८८ र प्रशासनिक ३०१, करारमा प्राविधिक ३२ र प्रशासनिक २४ एवं मासिक ज्यालादारीमा प्राविधिक (सवारी चालक) ८९ र प्रशासनिक ६१ गरि जम्मा ५९५ कर्मचारी रहेका छन् । यसरी हेर्दा निगमको हप्ताको ६८ उडानको लागि प्रति उडान कर्मचारी भार करिब ९ जना हुन आउछ ।

२. ग्राउण्ड ह्याण्डलिङ्ग तर्फ स्थायी प्राविधिक १०० र प्रशासनिक १६५, करारमा प्राविधिक ५५ र प्रशासनिक १ एवं मासिक ज्यालादारीमा प्राविधिक १३ र प्रशासनिक ६१ गरि जम्मा ३९५ कर्मचारी रहेका छन् । हाल निगमले दैनिक करिब ५१ वटा अन्तर्राष्ट्रिय उडानहरुको ग्राउण्ड ह्याण्डलिङ्ग कार्य अन्तर्गत चेक इन, लोडिङ्ग, Marshalling, Cleaning, Baggage Handling लगायत कार्यहरु गर्दै आएकोले प्रति उडान कर्मचारी भार करिब ८ जना हुन आउछ ।

३. निगममा हाल तीन प्रकारका जहाजहरु भएकोले सोको संचालनको लागि नियमानुसार अनुमती (License) प्राप्त ८१ जना ककपिट क्रु, १४२ जना क्याबिन क्रु र ९९ जना इन्जिनियरहरु रहेका छन् र उडानलाई पूर्ण क्षमतामा सुचारु राख्नको लागि यस्ता दक्ष जनशक्तिको अझै अभाव भएकोले आवश्यक तालिम दिई विकास गरिदै लगिएको छ ।

४. यसका अतिरिक्त राष्ट्रिय गौरवको आयोजना अन्तर्गत बनेका दुई अन्तर्राष्ट्रिय विमानस्थलहरु क्रमश: गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा न्यूनतम Basic Equipment र आवश्यक संख्यामा कर्मचारी खटाई पूर्ण घाटामा श्रोत परिचालन गरिराख्नुपर्ने

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np

बाध्यकारी अवस्था रहेकोले भैरहवामा प्राविधिक ९ जना र प्रशासनिक १७ जना तथा पोखरामा नियमित उडान संचालन नभइसकेको अवस्थामा हाल ३ जना स्थायी रुपमै खटाइएको र आवश्यकता अनुसार काठमाण्डौंबाट काजमा पठाइ कार्य सुचारु राखिएको छ ।

माथि उल्लेखित जनशक्तिको संख्या जहाज संचालन गर्न आधारभूत नभई नहुने आवश्यक (Basic) संख्या हो । उक्त जनशक्तिलाई तीन सिफ्टमा विभाजन गरी २४ घण्टा सेवा दिन सकिने गरि व्यवस्थापन गरिएको छ । व्यवसाय र बजारको अवस्था अनुसार उडान संख्या थपघट भइरहने हुँदा थप १५ वटा उडान थपिए सम्म उच्च प्राविधिक बाहेक यहि जनशक्तिले Optimum Level मा सेवा दिन सकिने छ ।

विगतमा विश्वव्यापी कोरोना महामारीको कारण व्यवसायमा आएको मन्दीले अन्य व्यवसायिक संस्थाहरुमा कर्मचारी कटौती भए सँगै निगमले पनि करार र मासिक ज्यालादारीका कर्मचारीहरुलाई पछि आवश्यक परे लिन सकिने गरि कटौती गरेको थियो । हाल महामारीमा केही कमी आई व्यवसायमा क्रमश सुधार भइरहेको अवस्थामा नियमित कार्य गर्न न्यूनतम आवश्यक पर्ने कर्मचारी व्यवस्थापन भएको छ । कुन कार्यको लागि कति कर्मचारी खटाइएका छन् भन्ने कुरा माथि प्रष्ट पारीसकिएकोले तथ्य र वस्तुगत आधारमा सत्य तथ्य बुझ्न एवं अनावश्यक भ्रममा नपर्न निगम सम्बन्धित सबैमा अपिल गर्दछ ।

नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं

२०८०/३/१०

रमेश पौडेल

(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्सः ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np